# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## अन्तर्राष्ट्रिय श्रमिक दिवसको शुभकामना सन्देश !

श्रमिकहरूको हकअधिकार स्थापित भएको दिनको सम्झनामा आज मे १ तारिखका दिन विश्वभर १३४ औं 'अन्तर्राष्ट्रिय श्रमिक दिवस' मनाइँदैछ । यस सन्दर्भमा देशभित्र तथा देशबाहिर रहनु भएका सम्पूर्ण नेपाली श्रमजीवी दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य तथा दीर्घायुका लागि शुभकामना व्यक्त गर्दछु ।

सन् १८८६ मा अमेरिकाको सिकागोमा 'आठ घन्टा काम, आठ घन्टा मनोरञ्जन र आठ घन्टा आराम' भन्ने नारासहित सुरु भएको मजदुर आन्दोलनका साथै विभिन्न श्रमिक सङ्घर्षमार्फत् मजदुहरुले अधिकार पाएका दिन हो यो । नेपालको विराटनगरमा २००७ सालमा मजदुर आन्दोलनसँगै यो दिवस मनाउन थालिएको सन्दर्भ हो । आफ्नो अधिकारका लागि लड्ने मजदुरहरुको विशेष दिनलाई स्मरण गरिँरहँदा उनीहरुले देश निर्माणका लागि पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन हुनुपर्दछ । हाम्रो देश नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा लैजानका लागि श्रमिकहरुको अमूल्य योगदान रहेको छ । नेपालको संविधानले सम्पूर्ण नागरिकहरूका लागि रोजगारीको हक सुनिश्चित गर्दै प्रत्येक श्रमिकका लागि उचित श्रम अभ्यासको अधिकारका साथै उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई समेत सुनिश्चितता प्रदान गरेको छ ।

आज यो दिवस मनाइँरहँदा श्रमिकहरुका लागि अनुकूल श्रम वातावरण, उचित पारिश्रमिक, क्षमता बमोजिम रोजगारीको ग्यारेण्टी, सामाजिक सुरक्षा लगायतका अधिकार प्राप्त गरी अघि बढ्न सम्बन्धित सबै पक्ष जिम्मेवार बन्नुपर्दछ । यो दिवसले संसारभरका सम्पूर्ण श्रमजिवीहरुलाई एउटै सूत्रमा बाँधी आफ्नो हक, अधिकार र स्वतन्त्रताका पक्षमा आवाज बुलन्द गर्न प्रेरित गरोस् भन्दै पुनः एक पटक शुभकामना व्यक्त गर्दछु ।

२०८० वैशाख १८ गते, सोमबार

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

यादवचन्द्र शर्मा
प्रदेश प्रमुख